जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३२० पृष्ठः ४ | २०८३ बैशाख ०४ शुक्रबार (Friday 17 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जलवायुमैत्री कृषिमार्फत चुनौतीको सामना गर्दै किसान



**सुदिप राउत**

सिरहा, ३ वैशाख। बढ्दो खडेरी, अनपेक्षित वर्षा र भूमिगत जलस्तर घट्दै जाँदा केही वर्ष अघिसम्म लक्ष्मीपुर पतारी गाउँपालिका-४ का प्रमोदकुमार मण्डललाई आफ्नो खेत बाँझै रहला कि भन्ने चिन्ताले सताउँथ्यो। आकाशे पानीको भरमा खेती गर्ने उहाँ कहिले अतिवृष्टि त कहिले अनावृष्टिको मारमा पर्नुहुन्थ्यो, अचेल भने मण्डलको त्यो चिन्ता हटेर गएको छ। उहाँले परम्परागत खेती प्रणालीलाई त्यागेर 'जलवायुमैत्री कृषि' अपनाउनुभएको छ ।

"पहिले पानी नपर्दा मल र बीउको लगानी पनि उठ्दैनथ्यो", आफ्नो अनुभव सुनाउँदै मण्डल भन्नुहुन्छ, "हाल मल्चिङ प्रविधि र थोपा सिँचाइ सुरु गरेपछि कम पानीमा पनि लटरम्म तरकारी फलेको छ। खेती गर्ने तरिका फेर्दा आम्दानी मात्र होइन, मनमा शान्ति पनि मिलेको छ।" मण्डल परिवार तरकारी खेतीको आम्दानीबाट जीविका चलाउँदै आएको छ। विगत छ महिनादेखि प्लास्टिक घर, थोपा सिँचाइ, गँड्यौला मल, झोल मल, कीरा नियन्त्रणका लागि आवश्यक जानकारी लिई तरकारीखेती गर्दा केही सहज भएको उहाँको भनाइ छ। मण्डल भन्नुहुन्छ, "रसायनिक मल पहिलादेखि नै न्यूनीकरण गर्दै लगेका थियौँ। एक त भनेको समयमा नपाइने, पाए तापनि माटोको उर्वराशक्ति ह्रास गर्ने र उत्पादन पनि घट्ने। जैविक मलको प्रयोगले मानव स्वास्थ्यलाई पनि राम्रो हुने भएकाले यसको उपयोग गर्न थालेका छौँ।"

मण्डल परिवारले करिब साढे दुई कठ्ठा जग्गाबाट पछिल्लो छ महिनामा मात्रै काउली खेतीबाट रु ४० हजार, टमाटरबाट रु ५० हजार, च्याउबाट रु २० हजार र सागसब्जीबाट रु नौ हजार आम्दानी गरिसकेको छ। उहाँले खेतीलाई वातावरण अनुकूल बनाउन तापक्रम नियन्त्रण गर्ने टनेल हाउस र सिँचाइका लागि सोलार प्रणाली जडान गरी लाभ लिइरहेको सुनाउनुभयो। परिवर्तित खेती प्रणालीको सफलताले वैदेशिक रोजगारीमा रहेकाहरूलाई समेत स्वदेशमै भविष्य देखाएको छ। धनगढीमाई नगरपालिका-१० की अनिता महतोले यही सिजनमा तीन कठ्ठामा लगाएको काउली बेचेर रु एक लाखभन्दा बढी आम्दानी गरेको बताउनुभयो। उहाँको यो प्रगति देखेपछि वैदेशिक रोजगारीमा रहनुभएका श्रीमान् जागेश्वर महतो घर फर्किएर कृषिमा साथ दिइरहनुभएको छ।

जागेश्वर भन्नुहुन्छ, "बिजुलीको झन्झट छैन, इन्धनको खर्च जोगिएको छ। घाम लागेसम्म पानीको चिन्ता हुँदैन। प्लास्टिकको घर (टनेल) भित्र गरिएको खेतीले असिना र अत्यधिक तापक्रमबाट

-बाँकी तीन पेजमा

## इन्धनको मूल्यवृद्धिले यातायात व्यवसायी मारमा

काठमाडौँ, ३ वैशाख। यातायात व्यवसायीहरूको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले इन्धनको मूल्यवृद्धिले व्यवसायी मारमा परेका भन्दै भाडा समायोजन गर्न माग गरेको छ।

महासङ्घका महासचिव डेकनाथ गौतमले बिहीबार एक विज्ञप्ति जारी गरी अमेरिका, इजरायल र इरानबीचको द्वन्द्वका कारण नेपालमा आउने इन्धनको मूल्य बढेको र यातायात सञ्चालनमा समस्या परेको भन्दै भाडा समायोजन गर्न माग गर्नुभएको हो। "नेपाल आयल नियमले पटकपटक गरी डिजेल/पेट्रोलमा भारी मूल्य वृद्धि गरेको हुँदा सार्वजनिक यातायात क्षेत्रमा सञ्चालन हुने यात्रुवाहक सवारीसाधन र मालवाहक सवारीसाधन सञ्चालन गर्न कठिन अवस्था सिर्जना भएकाले मूल्यवृद्धिका आधारमा भाडा समायोजन गर्न माग गर्दछौँ", विज्ञप्तिमा भनिएको छ।

महासङ्घले विषम परिस्थितिको मूल्याङ्कन गर्दै देशभरि सेवा सञ्चालन गर्ने महासङ्घ सदस्यले पेट्रोलियम पदार्थको खपत कम गर्न र सेवा सञ्चालन गर्दा हुने घाटालाई न्यूनीकरण गर्न व्यवसायी, व्यवसायीबीच सहकार्य गरी नेपाल सरकारबाट तोकिएको भाडा लिइ अस्वस्थ प्रतिस्पर्धा नगरी रुट

-बाँकी दुई पेजमा

## 'ह्विलचेयरले दियो खुसी'



महोत्तरी, ३ वैशाख। पछिल्ला तीन वर्षयता कैयन चाडपर्व आएगए तर पक्षघातले थलिनुभएका महोत्तरीको बर्दिबास-११ खयरमाराका ६६ वर्षीय पूर्णबहादुर भुजेललाई कुनै प्रवाह भएन। यसपालिको नयाँवर्ष २०८३ को प्रारम्भ भने उहाँका लागि सम्झनलायक बनेको छ। मधेसमा नयाँवर्षमा मनाइने जुडशीतल पर्वको पहिलो दिन मङ्गलबार भुजेलले घुमफिर गर्न सहयोगी हुने 'ह्विलचेयर' पाउनुभएको छ। त्यसैले यसपालिको नयाँ वर्ष र जुडशीतल पर्व उहाँका लागि सम्झनलायक बनेको हो। लायन्स क्लब अफ बर्दिबास समाजले बस्तीमै पुगेर उहाँलाई ह्विलचेयर दिएको हो। "हातगोडा केही नचल्ने भएर तीन वर्षदेखि थला परेको थिए, अब भने यही ह्विलचेयरमा घर ओरपर डुल्न पाइने भएको छ। यो अवसरका लागि सहयोगी संस्था र व्यक्तित्वलाई आभार छ", भुजेलले भन्नुभयो।

-बाँकी दुई पेजमा




**खोप लगाऔं,**
**रोगबाट बचौं र बचाऔं।**

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारात्मक सोच विकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# स्वार्थ बाझिनेहरूसमेत संसदीय समितिमा

विगतमा राजनीतिक दलका नेताहरूमाथि निहित स्वार्थ पूरा गर्न शासनका सबै संयन्त्रमा अनुचित हस्तक्षेप गरेको आरोप लाग्ने गर्थ्यो। हुन पनि व्यक्तिगत स्वार्थ बाझिने विषयमा निर्णय हुँदा वा नीति निर्माण गर्दासमेत स्पष्ट देखिने उपस्थिति जनाउँथे। यस्तो व्यवहार नैतिकताका दृष्टिले त अनुचित हो नै सुशासनका निम्ति पनि बाधक हो।

उदाहरणका लागि प्रतिनिधि सभाको २६ सदस्यीय अर्थ समितिमा एकतिहाइ जति अर्थात् ८ जना व्यवसायीहरू रहेका छन् भने उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा पनि २६ मध्ये ८ सदस्य व्यवसायी छन्। यो प्रतिनिधि उदाहरणमात्रै हो। अरू समितिमा पनि स्वार्थ बाझिने दृष्टिबाट त्यहाँ नरहनुपर्नेहरू सदस्य राखिएका देखिन्छन्। संसदीय समितिहरू नीति निर्माणका प्रारम्भिक र प्रभावकारी मञ्च भएकाले त्यहाँ स्वार्थको द्वन्द्व झन् गम्भीर विषय मानिन्छ। यसै पनि संसद्को अधिवेशन नहुँदा सक्रिय रहने संसदीय समितिहरूलाई ञ्लघु संसद्ञ भन्ने गरिन्छ। संसदीय समितिका सदस्यहरूको नैतिक हैसियत सरकारलाई उत्तरदायी बनाउन महत्त्वपूर्ण हुन्छ।

लोकतान्त्रिक मुलुकहरूमा राजनीति गर्नेहरूले पहिले नै स्वार्थको बझानका विषयमा जानकारी दिएर त्यसमा हुने निर्णयमा संलग्न नहुने परम्परा नै छ। न्यायाधीशहरू त झन् अलिकति पनि स्वार्थको द्वन्द्व देखिनेबित्तिकै सम्बन्धित मुद्दाको सुनवाइबाट पन्छिन्छन्। नेपाल भने सुशासनको नारा लगाउँदै शासकीय संयन्त्रलाई आ  नो स्वार्थमा प्रयोग गर्ने मुलुकका रूपमा बदनाम हुनपुगेको छ।

विकसित लोकतान्त्रिक मुलुकहरूमा स्वार्थको द्वन्द्वलाई सुशासनको केन्द्रीय विषयका रूपमा लिइन्छ। आर्थिक सहयोग तथा विकास संगठन (ओईसीडी)ले लागु गरेको स्वार्थ बझानको व्यवस्थापन मापदण्डअनुसार निजी आर्थिक हितसँग सम्बन्धित विषयमा निर्णय प्रक्रियाबाट अलग रहने अभ्यास संस्थागत भएको छ। त्यस्तै अमेरिकी संसद्का सदस्यहरूले आ नो आर्थिक स्वार्थको विवरण सार्वजनिक गर्नुपर्ने तथा प्रत्यक्ष हित जोडिने निर्णय प्रक्रियाबाट अलग बस्नुपर्ने व्यवस्था छ।

सुशासनसम्बन्धी सैद्धान्तिक मान्यताले पनि सार्वजनिक पद धारण गर्ने व्यक्तिले निजी हितभन्दा सार्वजनिक हितलाई प्राथमिकता दिनुपर्ने स्पष्ट निर्देश गर्छन् ।बेलायतको संसद्मा प्रचलित सार्वजनिक जीवनञ्का नैतिक मान्यताहरूले स्वार्थरहितता, जवाफदेही र पारदर्शितामा जोड दिने हुँदा नीति निर्माण प्रक्रियामा स्वार्थको द्वन्द्वबाट टाढा रहने संस्कार विकास गरेको छ।

यस्ता मान्यताहरू व्यवहारमा कार्यान्वयन हुँदा मात्र संसद् र संसदीय समितिहरू नीति निर्माणका विश्वसनीय र निष्पक्ष मञ्चका रूपमा स्थापित हुन्छन् भन्ने अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ। सुशासनको नारा दिएर पुरानै गलत अभ्यासहरू यसरी नै दोहोरिरहन दिने हो भने जेन–जी आन्दोलन र ताजा जनादेशलाई ठूलो धोका हुने देखिन्छ ।विडम्बना, नयाँ संसद्मा संसदीय समिति गठन गर्ने क्रममा पनि स्वार्थको द्वन्द्वलाई उपेक्षा गरिएको देखियो। जानजान उपेक्षा गरिएको हो भने सुशासनको नारा दिएर जनादेश हासिल गरेको दलले जनतालाई धोका दिएको ठहरिनेछ। ध्यान नपुगेर प्रत्यक्ष स्वार्थ बाझिने गरी समितिमा सदस्यहरू राखिएका हुन् भने सभामुखले यसलाई सच्याउनु मनासिब हुनेछ।

स्वार्थ बझानका विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार र सभामुखसमेत संवेदनशील छन् भने संसदीय सभापतिको निर्वाचनमा त्यसलाई रोक्न ध्यान दिनुपर्छ। ुजान्नेलाई छान्नु भनेको व्यवसायीलाई नै नीति र विधि निर्माणका निर्णायक बनाउने हो भने सुशासनको नारा भट्याएर जनतालाई मूर्ख बनाउन छाड्नुपर्छ। धोका पाउनुलाई नै नेपाली जनताले नियति मान्नु नपरोस्।

# के एआईले जागिर खाइदिन्छ ?

**लिलाराज भट्टराई**

काकरभिट्टादेखि क्यालिफोर्नियासम्म एउटै प्रश्न छ के आर्टिफिशल इन्टेलिजन्स (एआई) अर्थात कृतिम बुद्धिमताले जागिर खाइदिन्छ ? यसको प्रष्ट जवाफ हो खाइदिन्छ तर एआईले होइन, एआई जान्ने मान्छेले नजान्नेको जागिर खाइदिन्छन्। नेपालका लागि असली खतरा एआई होइन—असली खतरा एआईको युगमा पनि पुरानो शीपमै अडिइरहनु हो। जसले एआईलाई अस्त्र बनाउँछ, उसका लागि यो युग, अवसरको हो। जसले आँखा चिम्लेर बस्छ, उसका लागि यो युग, विस्थापनको समय बन्न सक्छ। प्रश्न “के एआईले जागिर खान्छ ?” भन्ने होइन। प्रश्न हो—“के म एआईसँगै अगाडि बढ्न तयार छु ?” एउटा उदाहरण हेरौँ, एउटा सफ्टवेयर कम्पनीमा काम गर्ने एक व्यक्ति गत वर्षसम्म कन्टेन्ट राइटरको रूपमा समेत कार्यरत थिए। दिनभरि ब्लग पोस्ट, प्रोडक्ट डेस्क्रिप्सन, र मार्केटिङ कपी लेख्ने उनको काम अचानक आधा भयो—कम्पनीले च्याटजीपीटी, जेमिनाई, क्लाउडजस्ता जेनेरेटिभ एआई टुल प्रयोग गर्न थालेपछि उनको काम सँगै कमाई पनि घट्यो। पहिले पाँच जना राइटरको काम अहिले एआई जानेका दुईजनालाई पनि पुगेन।

यो एक जना व्यक्तिको मात्र कथा होइन, यो एउटा युगको सुरुवात हो अर्थात एआईको युग। एआईका कारण काममा धेरै सजिलो भएको छ। घण्टौ लाग्ने काम मिनेटमै सकिने भएको छ। पाँचजनाले गर्ने काम एक जनाले सक्न थालिएको छ। जटिल समस्या सहजै समाधान गर्न सकिने भएको छ। जीवन झन् सहज बनाउन एआई एउटा युगान्तकारी प्रविधिका रुपमा उदाएको छ।

**संसारभरि के भइरहेको छ ?**

विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन्। मञ्चको सन् २०२५ को ‘फ्युचर अफ जब्स रिपोर्ट’ अनुसार विश्वभरि ४१ प्रतिशत जागिर प्रदायकहरूले अर्को पाँच वर्षमा एआई स्वचालनका कारण जनशक्ति घटाउने योजना बनाइसकेका छन्। उनीहरू पाँच वर्ष कुर्ने छैनन् किनकी परिवर्तन अहिले नै हुन थालेको देखिन्छ। सन् २०२५ को पहिलो छ महिनामा मात्रै ७७ हजार नौ सय ९९ प्रविधिसम्बन्धी जागिर गुमेका थिए। गोल्डम्यान स्याक्सका अनुसार एआईले विश्वभरि ३० करोड जागिर प्रभावित गर्न सक्छ, जुन विश्वको कुल रोजगारको ९.१ प्रतिशत हो।

**कस्ता जागिर सबैभन्दा बढी जोखिममा छन् ?**

पेनसिलभानिया विश्वविद्यालय/ओपन एआईका अनुसन्धानकर्ताका अनुसार वार्षिक ८० हजार डलरसम्म कमाउने उच्च शिक्षित वाइटकलर जब्स स्वचालनको सबैभन्दा बढी जोखिममा छन्। एआईको बढदो प्रयोगले दोहोरिरहने र नियममा आधारित जागिर जोखिममा पर्ने छन्। डाटा इन्ट्री, कलसेन्टर, ग्राहक सेवा, कन्टेन्ट राइटिङ, अनुवाद, उद्योगमा दोहोरिरहने कार्य, ग्राफिक डिजाइन, सफटवेयर प्रोगामिङ र लेखा क्षेत्रका जागिर जोखिममा पर्ने छन्।

एक अध्यनका अनुसार बैंकिङमा ५४ प्रतिशत जागिरमा एआई स्वचालनको उच्च सम्भावना छ। कानुनी क्षेत्रमा पारालिगलहरूले सन् २०२६ सम्ममा ८० प्रतिशत जोखिम सामना गर्नुपर्ने अनुमान छ। स्वास्थ्य क्षेत्रमा मेडिकल ट्रान्सक्रिप्सन स्वचालित भइसकेको छ। ब्लुमबर्गको अनुसन्धान भन्छ कि एआईले बजार अनुसन्धान विश्लेषकका ५३ प्रतिशत र बिक्री प्रतिनिधिका ६७ प्रतिशत कार्यहरू प्रतिस्थापन गर्न सक्छ। सेल्सफोर्सका सिइओ मार्क बेनियफका अनुसार एआईले अहिले कम्पनीको आधा काम सम्हाल्न थालेको छ। यसकारण उनले चार हजारभन्दा बढी ग्राहक सेवा कर्मचारी घटाएका छन्। बिएम कम्पनिले सयौं मानव संशाधन भूमिकाहरू एआई च्याटबोटले प्रतिस्थापन गरेको छ।

सन् २०२५ को सुरुदेखि नै एआई–प्रभावित क्षेत्रमा काम गर्ने २० देखि ३० वर्षका युवाहरूमा बेरोजगारी झण्डै तीन प्रतिशत बिन्दुले बढ्यो। एआईले पाँच वर्षभित्र आधा प्रवेश स्तरका बौद्धिक मानिने ‘वाइट कलर’ जागिर हटाउन सक्ने एन्थ्रोपिकका सिइओ डारियो अमोडेईले कठोर भविष्यवाणी गरिसकेका छन्।

**एआईले जागिर बढाउँछ**

निष्पक्ष विश्लेषणका लागि यो पक्ष पनि हेर्नु जरुरी छ। विशेषज्ञहरूका अनुसार एआईका कारण जागिर गुम्ने भन्दा सिर्जना हुने सङ्ख्या बढी हुनेछ। विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन् तर एआईकै कारण १७ करोड नयाँ जागिर सिर्जना हुनेछन्। विश्वमा सात करोड ८० लाख जागिरको शुद्ध वृद्धि हुनसक्छ अर्थात एआईको बजार प्रभाव समग्रमा सकारात्मक हुनसक्छ। एआई इन्जिनीयर भूमिकाहरूमा १४० प्रतिशतभन्दा बढी माग वृद्धि भइरहेको छ।

औद्योगिक क्रान्तिले मिलमा काम गर्नेहरूलाई विस्थापित गऱ्यो तर त्यसले थप उद्योगहरू र थप रोजगारी पनि सिर्जना गऱ्यो। सन् १९७० को दशकमा कम्प्युटर क्रान्तिले धेरै रोजगारी विस्थापन गर्दा त्यो भन्दा बढी रोजगारी बढेको हामीले देखे भोगेकै हो। ३० वर्षको अन्तरमा कम्प्युटर दैनिक जीबनको हिस्सा बन्यो। सन् २०२७ सम्ममा भारतमा मात्र २३ लाख एआईसम्बन्धी नयाँ जागिर खुल्ने प्रक्षेपण गरिएको छ। त्यसैले एआई क्रान्तिले पनि रोजगार विस्थापन भन्दा बढाउने अवस्था छ।

एक अध्ययनका अनुसार एआई सीपहरू भएका पेशेवरहरूले उही भूमिकामा सीप नभएका साथीहरूको तुलनामा ५६ प्रतिशतसम्म बढी तलब पाउँछन्। यो तथ्याङ्कले एआईसँग लड्न खोज्नुभन्दा एआई सिक्नु लाभदायक छ भन्ने एउटा स्पष्ट सन्देश दिन्छ। नेपाली फ्रिल्यान्सरहरूका लागि एउटा अभूतपूर्व अवसर खुलेको छ, सही उपकरणहरूसहित विराटनगरको एक डेभलपर वा पोखराको एक डिजिटल मार्केटरले अमेरिका वा युरोपमा उच्च पारिश्रमिकका लागि प्रतिस्पर्धा गर्न र विदेशी मुद्रा नेपाल ल्याउन सक्छन्।

**नेपालको अवस्था के छ ?**

नेपाललाई यो प्रश्नले फरक तरिकाले छुन्छ। हाम्रो अर्थतन्त्र कृषि, पर्यटन र रेमिट्यान्समा आधारित भएकाले प्रत्यक्ष खतरा तत्काल महशुस नहुन सक्छ तर अप्रत्यक्ष असर गहिरो हुनेछ। नेपालका ६० प्रतिशतभन्दा बढी श्रमिक कृषि वा म्यानुअल कामहरूमा छन्, जसले एआई–प्रेरित जोखिम तत्काललाई सीमित राख्छ। तर बलियो डिजिटल सीप र क्षमताबिना नेपाल उच्च मूल्यको वैश्विक अर्थतन्त्रमा पछाडि पर्न सक्छ।

नेपालमा पूर्णकालीन नियमित जागिर तीव्र रूपमा घटेका छन् भने आउटसोर्स र करार कामहरू उल्लेखनीय रूपमा बढेका छन्। नेपालको विपिओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) क्षेत्र विशेष रूपमा संवेदनशील छ। नेपालको अर्थतन्त्र सेवा क्षेत्र, बिओपी र प्रशासनिक भूमिकाहरूमा भारी निर्भर छ—यी नै क्षेत्र स्वचालनका लागि सबैभन्दा बढी उपयुक्त छन्।

नेपालमा सरकारले सन् २०२४–२०३४ लाई सूचना प्रविधिको दशक घोषणा गरेको छ। यसमा १५ लाख नयाँ प्राविधि जागिर र दशकभित्र ३० खर्ब नेपाली रुपैयाँको आइटी सेवा निर्यात गर्ने लक्ष्य राखेको छ। यो महत्वाकांक्षी लक्ष्य हो तर यसका लागि एआईलाई चुनौतीको रूपमा होइन, अवसरको रूपमा बुझ्नुपर्छ।

**सरकारले के गरिरहेको छ ?**

नेपाल सरकारले राष्ट्रिय एआई नीति २०८२ आधिकारिक रूपमा अनुमोदन गरिसकेको छ। यो ढिलै भए पनि देशको डिजिटल रूपान्तरण यात्रामा एक महत्वपूर्ण उपलब्धि हो। यो नीतिले स्वास्थ्य, शिक्षा, कृषि र सार्वजनिक प्रशासन क्षेत्रमा एआईको रणनीतिक एकीकरणको कल्पना गरेको छ। नेपाल सरकारले पाँच वर्षभित्र एआई क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने लक्ष्य राख्दै एआईसम्बन्धी नयाँ नीति कार्यान्वयनमा ल्याएको हो। यो नीतिले अन्तरराष्ट्रिय आधारभूत सिद्धान्त र प्रचलनसँग अनुकूल हुने गरी एआईको अनुसन्धान, विकास र प्रयोगलाई दिशानिर्देश गर्न नेपालमा एआई नियमन परिषद् स्थापना गर्ने रणनीति लिएको छ।

एआईलाई आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम उपभोग गर्ने प्रतिबद्धतासहित उक्त नीतिमा विश्वव्यापी सूचकाङ एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५०औँ स्थानभित्र पुऱ्याइने उल्लेख गरिएको छ। नीतिले एआईका कारण सम्भावित जागिर गुम्ने स्थितिलाई व्यवस्थापन गर्न र यसका सामाजिक तथा आर्थिक परिणामलाई सम्बोधन गर्न संयन्त्र स्थापना गर्ने कुरा पनि उल्लेख गरेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले एआईले नेपालको विकासलाई अवसर र चुनौती दुबै दिने बताएको छ। एआईलाई मानव–केन्द्रित तथा क्षमता स्वचालित गर्नभन्दा बढाउने दिशामा विकास गर्नु जरुरी छ भन्ने कुरामा युएनडिपीले जोड दिएको छ। समग्रमा एआईले जागिर खाने नभएर पहिलेको भन्दा बढी जागिर उत्पादन गर्छ भन्न सकिन्छ। यसले दोहोरिने, यान्त्रिक कामहरू हटाउँछ तर यसले मानवीय रचनाशीलता, सहानुभूति र जटिल निर्णय–क्षमता प्रतिस्थापन गर्न सक्दैन।

## ‘ह्विलचेयरले ...

उक्त बस्तीमा भुजेलका अतिरिक्त १३ वर्षीय जनम दियाली र ३५ वर्षीय खुपबहादुर थापाले पनि सहयोग पाउनुभएको छ। “दुर्घटनामा परेर दुवै गोडा काटिएपछि १५ वर्षदेखि कुँजिएर बसेको थिएँ, आफ्नै जीवन बोझजस्तै बनेको थियो”, ह्विलचेयर पाएपछि थापा भन्नुहुन्छ, “यसपटक भने नयाँ वर्षले आफ्नो जीवनमा नयाँ आशा ल्याएर आएको अनुभूति भएको छ। अब त ह्विलचेयरमा वरपर जान सहज भएको छ।” दियाली त जन्मँदै अशक्त हुनुहुन्छ। उहाँ बोल्न पनि नक्नुहुन्न। ह्विलचेयर पाएपछि उहाँ पनि खुसी हुनुहुन्छ। हेर्दा सानो सहयोग भए पनि लायन्स क्लब अफ बर्दिबासले अशक्त जीवनमा निकै खुसी दिएको बर्दिबास–११ का वडाध्यक्ष गोपाल बल बताउनुहुन्छ।

समाजका अध्यक्ष वैकुण्ठप्रसाद देवकोटाले लायन्स क्लब इन्टरनेसनल ३२५ ‘एफ’ को सहयोगमा ह्विलचेयर प्रदान गरिएको बताउनुभयो। यसपटक छ वटा ह्विलचेयर सहयोग गरिएको उहाँले जानकारी दिनुभयो।

## इन्धनको...

मिलाएर दैनिक यात्रुको चापका आधारमा मात्र सेवा सञ्चालन गर्न अनुरोधसमेत गरेको छ।

महासचिव गौतमले नेपाल सरकारको स्वामित्व रहेको नेपाल आयल निगमबाट पटकपटक मूल्यवृद्धिको सट्टा वैकल्पिक व्यवस्था मिलाउन माग गरेको छ।

# लागूऔषधसहित विभिन्न स्थानबाट१३ जना पक्राउ

काठमाडौँ, ३ वैशाख। नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागूऔषधसहित १३ जनालाई पक्राउ गरेको छ। उनीहरू बुधबार पक्राउ परेका हुन्। काठमाडौँ महानगरपालिका–१२ टेकु ब्रह्मटोलबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ५६० वटा ट्रामाडोल ट्याब्लेटसहित एक, ललितपुर महानगरपालिका–३ कृष्णगल्लीबाट २६७ वटा ट्रामाडोल ट्याब्लेटसहित दुई , सुनसरीको बराहक्षेत्र नगरपालिका–३ कालिन्द्र सामुदायिक वनबाट एक हजार ६१० वटा सोही ट्याब्लेटसहित दुई, हेटौँडा उपमहानगरपालिका–१० न्युरेनीबाट ट्रामाडोल ट्याब्लेटसहित एक जनालाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ।

यसैगरी, बाँकेको खजुरा गाउँपालिका–२ बाट ब्राउनसुगरसहित दुई, कैलालीको धनगढी उपमहानगरपालिका–८ धनगढीगाउँबाट खैरो हेरोइनसहित एक, तनहुँको आँबुखैरेनी गाउँपालिका–४ बेनिटारबाट एक, विराटनगर महानगरपालिका–१५ दुई नम्बर ढाटबाट एक र कपिलवस्तुको शिवराज नगरपालिका–६ वीरपुरबाट दुई जनालाई नियन्त्रणमा लिइएको छ।

# रगतको माग बढ्यो, दाता घट्दो : बिरामी समस्यामा

**नारायण अधिकारी**

चितवन, ३ वैशाख ।जिल्लामा रगतको माग बढ्दै जाँदा रक्तदाताहरूको सङ्ख्या बढ्न सकेको छैन। बर्सेनि रगतको माग क्रमशः बढ्दै गए पनि रक्तदान गर्नेहरूको सङ्ख्या भने बढ्न नसकेको हो। नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरका प्रमुख रमेशकान्त पौडेलका अनुसार जिल्लामा रगतको माग दैनिक माग बढ्दो छ। उहाँका अनुसार जिल्लामा दैनिक एकसय १५० युनिट सम्म रगतको माग हुने गर्दछ। यस आर्थिक वर्षको फागुनसम्ममा १६९ स्थानमा भएका रक्तदान कार्यक्रममा ११ हजार ५३२ युनिट र केन्द्रमा आएर दिएको सङ्ख्या तीन हजार १८१ छ।

अघिल्लो आव २०८१/०८२ मा २८७ स्थानमा भएका रक्तदानमा १८ हजार ५७७ युनिट र केन्द्रमा चार हजार ६४० युनिट रगत सङ्कलन भएको थियो। आव २०८०/०८१ मा २९८ स्थानमा भएको रक्तदान कार्यक्रमबाट १८ हजार ४०९ युनिट र केन्द्रमा छ हजार ९२० युनिट रगत सङ्कलन भएको थियो। यसलाई हेर्दा केन्द्रमा आएर रक्तदान गर्नेहरूको सङ्ख्या घट्दो छ। गत वर्ष यहाँ ब्लड डोनर्स सोसाइटीले रक्तदान महोत्सव नै आयोजना गरी एक हजार ७१७ युनिट रगत सङ्कलन भएको थियो।

प्रमुख पौडेलले देशैभरबाट बिरामी यहाँ आउने भएकाले रगतको माग बर्सेनि बढेको बताउनुभयो। रक्तदान गर्ने युवा जनशक्ति विदेश गएको, उमेर बढ्दै गएपछि उच्च रक्तचाप, मधुमेहजस्ता रोगका कारण रक्तदान गर्न नमिल्ने भएका कारण दाता घटेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "दाता घट्ने र माग बढ्ने हुँदा सन्तुलन मिलाउन कठिन हुने गरेको छ।" यहाँ माग उच्च हुँदा छिमेकी जिल्लाहरूबाट समेत रगत ल्याउने गरिन्छ।

केन्द्र सञ्चालन गरेको नेपाल रेडक्रस सोसाइटी चितवन शाखाका सभापति हरि पौडेल छिमेकी १४ भन्दा बढी जिल्लाबाट सङ्कलन गरेर रगत ल्याउँदासमेत पुऱ्याउन नसकिएको बताउनुहुन्छ। यहाँ रहेका क्यान्सर अस्पताल, दुई मेडिकल कलेज, सरकार भरतपुर अस्पताल र निजी अस्पतालमा आउने घाइते र बिरामीहरूका लागि रगतको माग बढ्दा सन्तुलन मिलाउन नसकिएको उहाँले बताउनुभयो। राजधानी काठमाडौँपछि धेरै रगत चितवनमा चाहिने भन्दै उहाँले सबैको साथ र सहयोगबाट मात्रै रगतको पूर्ति गर्न सकिने बताउनुभयो।

देशभर रक्तदानमा उत्प्रेरणा गर्दै आएको ब्लड डोनर्स सोसाइटी नेपालका अध्यक्ष अर्जुन अधिकारी रेडक्रस सोसाइटीले सञ्चालन गरेका केन्द्रहरूले व्यवस्थापकीय रुपमा सुधार गर्नसकेमा रक्त सङ्कलन बढ्ने बताउनुहुन्छ। केन्द्रले आम रक्तदाता र सङ्घ संस्थाहरूसँग समन्वयकारी भूमिका निर्वाह गरेर काम गर्नुपर्ने उहाँको सुझाव छ। विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा देशैभरिबाट बिरामी आउने गर्दछन्। सबैभन्दा बढी रगत क्यान्सर उपचारमा खपत हुने गर्दछ। यस्तै चितवन मेडिकल कलेजले क्यान्सर इन्स्टिच्युट सञ्चालन गरेको छ। जहाँ रगतको माग उच्च हुने गर्दछ।

भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा भोजराज अधिकारी रक्तदाताहरूलाई उत्प्रेरित गर्नुपर्ने बताउनुहुन्छ। विद्यालय र क्याम्पसका पाठ्यक्रमहरूमा रक्तदानको महत्वको बारेमा जानकारी गराउनु पर्ने भन्दै उहाँले रक्तदान गर्नेहरूलाई राज्यका तर्फबाट केही सहुलियत हुनुपर्ने बताउनुभयो। उहाँले आफूले सञ्चालन गरेको श्री पुष्पाञ्जली अस्पतालमा स्थापनाका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ जनाले रगत दिएकोमा १८ नयाँ भएको भन्दै उहाँले नयाँ रक्तदातालाई राज्यकै तर्फबाट उत्प्रेरित गर्नुपर्ने बताउनुभयो।

# ऊर्जा तथा जलस्रोत क्षेत्रको संरचनात्मक सुधार गरी नतिजामुखी बनाउन निर्देशन

काठमाडौँ, ३ वैशाख। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा तथा जलस्रोत क्षेत्रको संरचनात्मक सुधार, पारदर्शिता अभिवृद्धि र कार्यसम्पादनलाई नतिजामुखी बनाउन सम्बन्धित निकायलाई निर्देशन जारी गर्नुभएको छ। उहाँले समय सीमासहित विस्तृत कार्ययोजना पेस गर्न सम्बन्धित निकायलाई निर्देशन जारी गर्नुभएको हो। सो निर्देशनमा विद्युत् बजार सुधारदेखि सिँचाइ प्रणाली सुदृढीकरणसम्मका बहुआयामिक विषय समेटिएका ३२ बुँदा छन्। मन्त्रालयले सबै कार्ययोजना तोकिएको समय सीमाभित्र कार्यान्वयन गर्न सम्बन्धित निकायलाई स्पष्ट जिम्मेवारी तोकेको छ। साथै नियमित रूपमा सघन अनुगमनसमेत हुने जनाएको छ।

"लामो गृहकार्य, सरोकार पक्षसँगको घनिभूत छलफलपछि जलस्रोत तथा ऊर्जा क्षेत्रको सुदृढीकरण गर्न यो निर्देशन जारी भएको छ", मन्त्री श्रेष्ठले भन्नुभयो, "यो देखाउनका लागि मात्र निर्देशन दिइएको होइन, यसकै आधारमा अब हाम्रा नीति, योजना र कार्यक्रमको मार्गचित्र निर्माण हुनेछ।"

सो निर्देशनमा विद्युत् क्षेत्र सुधारतर्फ, विद्युत् नियमन आयोगलाई 'ओपन एक्सेस' प्रणाली कार्यान्वयनका लागि ३० दिनभित्र आवश्यक 'ह्विलिङ चार्ज' निर्धारण गर्न भनिएको छ। यसले निजी तथा सार्वजनिक क्षेत्रबीच प्रतिस्पर्धात्मक विद्युत् कारोबारको ढोका खोल्ने अपेक्षा गरिएको छ। साथै, जलाशययुक्त तथा 'पम्प स्टोरेज' आयोजनाका लागि मौसमी र 'पिक डिमान्ड'का आधारमा फरक महसुल संरचना लागू हुनेछ, जसले विद्युत् उत्पादन र खपत व्यवस्थापनलाई सन्तुलित बनाउनेछ।

नेपाल विद्युत् प्राधिकरणलाई हालसम्मका सबै पिपिए (विद्युत् खरिद सम्झौता) विवादका सूची र समाधानका विकल्पसहित प्रतिवेदन पेस गर्न निर्देशन दिइएको छ। विद्यमान पिपिएमध्ये सञ्चालनमा रहेका, ढिलाइ भएका र जोखिममा रहेका आयोजनामा वर्गीकरण गरी स्पष्ट अवस्थासहितको प्रतिवेदन बुझाउन भनिएको छ। जलाशययुक्त आयोजनामा निजी क्षेत्रलाई आकर्षित गर्ने उद्देश्यले यस्ता आयोजनाको अनुमतिपत्रको अवधि ५० वर्ष कायम गर्ने गरी नीति ल्याइने जनाएको छ। विद्युत् नियमन आयोग, विद्युत् उत्पादन कम्पनी र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीलाई कार्यसम्पादन, जिम्मेवारीमा रहेको दोहोरोपन र सुधारका आवश्यक पक्ष पहिचान गरी ३० दिनभित्र प्रतिवेदन बुझाउन भनिएको छ। विद्युत् विकास विभागलाई ६० दिनभित्र देशभरका सबै जलविद्युत् आयोजनाका सर्वेक्षण तथा निर्माण अनुमतिपत्रहरूको विस्तृत विवरण सार्वजनिक गर्न निर्देशन दिइएको छ।

नियम पालना नगर्ने कम्पनीहरूलाई 'क्योर नोटिस' जारी गरिने र समीक्षा नगरी नयाँ अनुमतिपत्र जारी नगरिने व्यवस्था गरिएको छ। सार्वजनिक रूपमा पहुँचयोग्य 'लाइसेन्स पर्फर्मेन्स ड्यासबोर्ड' स्थापना गरी मासिक अद्यावधिक गर्ने योजना पनि अघि सारिएको छ। नयाँ जलविद्युत् आयोजना अघि बढाउँदा 'ग्रिड इभ्याकुएसन' अर्थात् उत्पादित विद्युत् प्रसारण गर्न सक्ने पूर्वाधारलाई अनिवार्य पूर्वशर्त बनाइएको छ।

ऊर्जा क्षेत्रको नयाँ आयामका रूपमा 'कार्बन रेभेन्यु युनिट' स्थापना गरिने मन्त्रालयले जनाएको छ, यसले कार्बन व्यापारसम्बन्धी परियोजनाको दर्ता, प्रमाणीकरण र लाभ बाँडफाँटको मापदण्ड तयार गर्नेछ। साथै साना आयोजनाको लागत घटाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। आन्तरिक विद्युत् खपत बढाउन नेपाल विद्युत् प्राधिकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले संयुक्त रूपमा राष्ट्रिय माग तथा खपत योजना तयार गर्नेछन्। नेपाल पावर ट्रेडिङ कम्पनीलाई पूर्ण रूपमा सक्रिय बनाउँदै दीर्घकालीन विद्युत् निर्यात मार्गचित्र तयार गरिने निर्देशनमा उल्लेख छ।

नवीन प्रविधि प्रयोगलाई प्राथमिकता दिँदै २४सै घण्टा सञ्चालन हुने 'एआई च्याटबोट' मार्फत उपभोक्ताका गुनासा र विद्युत् अवरोधसम्बन्धी समस्या समाधान गर्ने व्यवस्था गरिने मन्त्रालयले जनाएको छ। सिँचाइ क्षेत्रतर्फ, बबई, भेरी–बबई डाइभर्सन र सिक्टाजस्ता राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न गर्न विशेष जोड दिइएको छ। महाकाली सिँचाइ आयोजनाको लागि भारतसँग कूटनीतिक पहल तीव्र पारिनेछ भने सुनकोशी–मरिन आयोजना पुनःठेक्का प्रक्रियामार्फत अघि बढाइने मन्त्रालयद्वारा जारी निर्देशनमा उल्लेख छ।

*जलवायुमैत्री...*

बाली जोगाएको छ। यसले परिवारको आम्दानी मात्र होइन, आत्मनिर्भरता पनि बढाएको छ।" आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित 'राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल'ले जलवायुमैत्री गाउँ परियोजनामार्फत सहयोग गरिरहेको छ। 'केयर नेपाल'को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले किसानलाई पाठशाला सञ्चालन गर्नेदेखि कृषि सामग्री उपलब्ध गराउनेसम्मका काम गरिरहेको संस्थाका लक्ष्मीपुर पतारीका 'फिल्ड सुपरीवेक्षक' उमेश नन्दन चौधरीले जानकारी दिनुभयो।

उहाँका अनुसार किसानलाई माटो बचाउँदै खेती गर्ने प्रणालीबारे सिकाइएको छ। पालिकाका छमध्ये पाँच वटा वडामा महिला कृषक समूह गठन गरी गोठ सुधार कार्यक्रम, गँड्यौला मल उत्पादन तथा बोरिङ, फोहोरा सिँचाइ, आधुनिक चुलो र जलवायुमैत्री बीउबिजन वितरण गरिएको छ। यस्तै, धनगढीमाई नगरपालिकाका क्षेत्रगत सुपरिवेक्षक रबिन साहले पनि नमूना किसान समूह निर्माण गरी किसानलाई यस प्रविधितर्फ आकर्षित गरिएको जानकारी दिनुभयो।

परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ। यी छ वटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ काम भइरहेको उहाँले बताउनुभयो। "हरित गृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्ने र महिलाको कार्यबोझ कम गर्दै क्षमता अभिवृद्धि गर्ने परियोजनाको मुख्य उद्देश्य हो", थापा भन्नुहुन्छ, "यस प्रदेशमा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्न हामीले ७० प्रतिशत संस्थाको र ३० प्रतिशत स्थानीय किसानको लागत साझेदारीमा काम गरिरहेका छौँ। यसले किसानमा अपनत्वको बोध पनि गराइरहेको छ।"

उहाँका अनुसार, हालसम्म यी पालिकाहरूमा ५१८ घरधुरी लाभान्वित हुने गरी ९३ वटा भूमिगत सिँचाइ प्रणाली (बोरिङ) जडान गरिएका छन् भने ५०० वटा महिला समूह क्रियाशील छन्। उत्पादनको बजारीकरणका लागि पनि यहाँ योजनाबद्ध रूपमा काम भइरहेको छ। हाल सिरहाको लक्ष्मीपुर पतारीमा कृषक समूहले मानकीदेवी मोची र गीतादेवी मण्डललाई तरकारी बिक्रीको जिम्मा दिएर उत्पादनको उचित बजार र मूल्यका लागि प्रयास गरिएको छ। "उपभोक्ताले ढुक्कसँग अर्ग्यानिक तरकारी किन्न पाएका छन्। फलानो ठाउँको तरकारी भनेपछि अहिले सबैले रासायनिक मल र विषादी नहालेको भनेर चिनिहाल्छन्", परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत थापाले भन्नुभयो।

उहाँका अनुसार जलवायुमैत्री कृषि प्रणालीले मुख्यतया तीनवटा कुरामा जोड दिन्छः पानीको उचित व्यवस्थापन, माटोको स्वास्थ्य सुधार र अनुकूलित बीउको प्रयोग। थापा भन्नुहुन्छ, "यो प्रणाली अपनाउँदा उत्पादन लागत ३० देखि ४० प्रतिशतसम्म घट्छ र प्रतिकूल मौसममा पनि उत्पादनलाई स्थिर बनाउन मद्दत पुग्छ।" जलवायुमैत्री कृषिको महत्त्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ। सरकारले भर्खरै सार्वजनिक गरेको 'शासकीय सुधारका १०० कार्यसूची' मा समेत माटोमा कार्बन बढाउने विषयलाई समेटेको छ। माटोमा कार्बनको सञ्चिति बढ्दा पोषक तत्वहरूको चुहावट कम हुने, सिँचाइपछि लामो समयसम्म चिस्यान कायम रहने र जराको फैलावटमा वृद्धि हुने गरेको जानकारहरू बताउँछन्। यसले माटोमा हावाको सञ्चार राम्रो बनाउनाका साथै सूक्ष्म जीवहरूको सङ्ख्या बढाई पारिस्थितिकीय प्रणालीमा खाद्य चक्र सन्तुलन राख्छ, जसले अन्ततः माटोको भौतिक, रासायनिक र जैविक गुणमा सुधार ल्याई जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याउने गरेको सुपरिवेक्षक साहले बताउनुभयो।

खडेरी र कीराको प्रकोप जस्ता समस्या झेल्दै आएका यहाँका किसानका लागि 'जलवायुमैत्री कृषि' पद्धति 'वरदान' साबित हुँदै गएको छ। यद्यपि, सबै किसानसम्म यी प्रविधि पुगेका छैनन्। अग्रणी किसानको सफलताले अन्य कृषकलाई पनि यसतर्फ लाग्न प्रेरित भने गरिरहेको छ।

# कटारी गोल्डकपः जष्ट जोन नाइजेरिया फाइनलमा

कटारी, ३ वैशाख। नाइजेरियन क्लब जष्ट जोन उदयपुरको कटारीमा जारी छैटौं कटारी अन्तरराष्ट्रिय आमन्त्रित मेयर गोल्डकप 'नकाउट फुटबल प्रतियोगिता'को फाइनलमा प्रवेश गरेको छ। बिहीबार सम्पन्न सेमिफाइनल खेलमा जष्ट जोनले टाइब्रेकरमा साविक उपविजेता शहलेस फुटबल क्लब, सिरहालाई ४–३ गोल अन्तरले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो। निर्धारित खेल अवधिमा दुवै टोलीले १–१ गोलको बराबरी खेलेपछि टाइब्रेकरबाट नतिजा निकालिएको हो।

खेलको निर्धारित समयमा शहलेसका लागि खेलको दुई मिनेटमै राज भुसालले गोल गरेर अग्रता दिलाए। तर खेलको २६औँ मिनेटमा जष्ट जोनका लागि डेमोला हमजादले गोल गरेर बराबरी गरे। त्यसपछि दुवै टोलीबाट गोल हुन सकेन। टाइब्रेकरमा जष्ट जोनका लागि अबमल्हा हमजाद, सुनकनाल सोयन्का, फेमी एडेसिना र ओलाए डेबिसले गोल गरे। शहलेसका लागि अनील पाँचेमगर, अजित चौधरी र निश्चल लामाले गोल गरेका थिए। शहलेसका विदेशी (नाइजेरियन) खेलाडी एनिसेट र सुशील यादवको बललाई जष्ट जोनका गोलरक्षक डोडो अलुले रोके।

खेलको म्यान अफ दी म्याच जष्ट जोनका गोलरक्षक अलु घोषित भए। उनलाई आयोजक कटारी नगर खेलकुद विकास समितिका उपाध्यक्ष राजकुमार थापा क्षेत्रीले रु पाँच हजारका साथमा ट्रफी र मेडल प्रदान गरे। प्रतियोगिताको विजेताले रु पाँच लाख तथा उपविजेताले रु तीन लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। उपाधिका लागि यही वैशाख ५ गते जष्ट जोनले चात्यासा फुटबल क्लब, झापासँग प्रतिस्पर्धा गर्नेछ।

चात्यासा फुटबल क्लबले बुधबार सेमिफाइनलमा आयोजक कटारी–११ लाई ३–० गोल अन्तरले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरिसकेको छ। प्रतियोगितामा आमन्त्रित नाइजेरियाको जष्ट जोन र भारतको रिभर दी स्पोर्टिङ सिक्किम र नेपालका ६ टोली सहभागी भएका थिए।

# मधेसका जिल्लामा भूतपूर्व सैनिक सम्मेलन



काठमाडौँ, ३ वैशाख। 'भूतपूर्व सैनिक सम्मेलनको प्रण– सैनिक पुनर्मिलन, हिताधिकारीको कल्याण र कोषको दिगोपन' शीर्षकमा मध्यपूर्वी पृतनाअन्तर्गत मधेसका जिल्लामा भूतपूर्व सैनिक सम्मेलन सञ्चालन भएको छ।

मुख्य सम्मेलन केन्द्र मध्य पूर्वी पृतना, बर्दिबासमा प्रधानसेनापति अशोकराज सिग्देल र अन्य दुई वटा उपकेन्द्रहरूमा ज्येष्ठ अधिकृतको प्रमुख आतिथ्यमा जारी सम्मेलनमा उक्त क्षेत्रमा बसोबास गर्ने करिब दुई हजार ५०० अवकाश प्राप्त सैनिक तथा परिवारजनको उपस्थिति रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

भूपू सैनिक सम्मेलनबाट सेवारत र अवकाश प्राप्त सैनिकहरू बीचको सम्बन्धलाई निरन्तरता दिँदै कल्याणकारी कोषको स्थायित्व एवं गुणात्मक सेवा प्रदान गर्न उपयुक्त तथा व्यावहारिक सुझाव सङ्कलन गरी लाभग्राहीलाई शिक्षा, तथा स्वास्थ्यमा सघाउन मद्दत पुग्ने विश्वास जङ्गी अड्डाले व्यक्त गरेको छ।सम्मेलनको अवसर पारेर ज्येष्ठ भूतपूर्व सैनिक तथा ज्येष्ठ एकल महिला र चार जना भूपूका सन्तति तथा नेपाली सेनामा सेवा गर्न प्रेरित गर्ने एक जना अभिभावकलाई सम्मान गरिएको थियो। मध्य पूर्वी पृतनाअन्तर्गत नेपाली सेना कल्याणकारी बोर्डको समन्वयमा सम्मेलन भएको हो। हिमाली तथा पहाडी जिल्लामा यही वैशाख ५ गते अर्को सम्मेलन हुनेछ।

# सङ्घीयता कार्यान्वयनका जटिलता सुल्झाउन प्रधानमन्त्री शाहद्वारा मुख्यमन्त्रीहरूसँग छलफल

काठमाडौँ, ३ वैशाख। सङ्घीयता कार्यान्वयनका जटिलता सुल्झाउने उद्देश्यले प्रधानमन्त्री वालेन्द्र शाहले बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेशका मुख्यमन्त्रीहरूसँग करिब तीन घण्टा छलफल गर्नुभएको छ। छलफलका क्रममा मुख्यमन्त्रीहरूले प्रदेशगत रूपमा आफ्ना समस्या राख्नुभएको थियो। प्रधानमन्त्री शाहले कुनै पनि विषयमा मुख्यमन्त्रीको जिज्ञासा सुन्ने बित्तिकै थप स्पष्ट पार्न र समाधानका विकल्पबारे अन्तरक्रियात्मक शैलीमा छलफल गर्नुभयो।

प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरूका समस्याबारे कतिपय प्राविधिक र व्यावहारिक समस्यालाई तत्काल समाधान गर्ने उपायसमेत सुझाउनुभयो। नीतिगत जटिलताहरू फुकाउन सङ्घ र प्रदेशको साझा संयन्त्रमार्फत तुरुन्त काम सुरु गर्ने प्रतिबद्धता जनाउँदै उहाँले भन्नुभयो, "सङ्घ र प्रदेशबीचका हरेक अप्ठ्यारा सुल्झाउन मेरो नेतृत्वको सरकार सदैव तयार छ। त्यसैले तपाईँहरूलाई छलफलका लागि मैले राजधानी बोलाएको हुँ।"

साथै, प्रधानमन्त्री शाहले प्रदेश सरकार आफैँले तत्काल गर्नसक्ने सुधारहरू ढिला नगरी अघि बढाउन समेत आग्रह गर्नुभयो।

**मुख्यमन्त्रीहरू उत्साहित**

प्रधानमन्त्रीसँगको अन्तरक्रियात्मक र सौहार्द व्यवहारसहित भएको छलफलबाट मुख्यमन्त्रीहरू उत्साहित देखिनुभएको छ। सोचेभन्दा बिल्कुलै फरक र सकारात्मक छलफल भएको छलफलपश्चात उहाँहरूले प्रतिक्रिया दिनुभयो। गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भन्नुभयो, "प्रधानमन्त्री शाहसँगको पहिलो भेट नै धेरै पुराना साथीहरूबीचको संवाद जस्तै सौहार्द र मित्रतापूर्ण रह्यो। उहाँले हाम्रा कुरा गम्भीरतापूर्वक सुन्नुभयो र बीचबीचमा जिज्ञासा राखेर विषयलाई अझ प्रष्ट पार्नुभयो।" पाण्डेले प्रधानमन्त्रीसँग स्थानीय तहको नेतृत्व गरिसकेको अनुभवले गर्दा प्रदेशका समस्या बुझ्न सजिलो भएको देखिएकाले आगामी दिनमा सङ्घीयता कार्यान्वयनले सहजता प्राप्त गर्नेमा आशावादी रहेको उल्लेख गर्नुभयो।

वाग्मती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्र बानियाँले पनि प्रधानमन्त्रीको व्यक्तित्वले छलफललाई सहज बनाएको टिप्पणी गर्नुभयो। "मैले उहाँकाबारेमा जे सुनेको थिएँ, त्यो होइन रहेछ। प्रधानमन्त्री कम बोल्नुहुन्छ, अरुको कुरा पनि सुन्नुहुन्न भन्ने सुनिन्थ्यो, तर उहाँले त पर्याप्त समय दिएर हाम्रा कुरा सुन्नुभयो, र आफ्नो कुरा राख्नुभयो", उहाँले भन्नुभयो, "उहाँले आवश्यक सहजीकरणका लागि बिहीबारै आफ्नो कार्यालयमार्फत निर्देशन समेत दिनुभएकोमा खुसी लागेको छ।" त्यसैगरी, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रधानमन्त्रीले संविधानको मर्मअनुसार तीन तहका सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वको भावनालाई गहिरोसँग आत्मसात् गरेको महसुस गरेको प्रतिक्रिया दिनुभयो। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव र कर्णालीका यामलाल कँडेलले अन्य मुख्यमन्त्रीहरूको प्रतिक्रियामा सहमति जनाउनुभयो।

छलफलमा मुख्यमन्त्रीहरू वाग्मती प्रदेशका इन्द्रबहादुर बानियाँ, लुम्बिनीका चेतनारायण आचार्य, गण्डकीका सुरेन्द्रराज पाण्डे, कर्णालीका यामलाल कँडेल र मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थिति थियो। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की भने पारिवारिक कारण र सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह भने स्वास्थ्य समस्याका कारण सहभागी हुनुभएको थिएन।

# श्रम मन्त्रालयद्वारा औद्योगिक व्यावसायिक प्रतिष्ठान अनुगमन

काठमाडौँ, ३ वैशाख। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बिहीबार २९ औद्योगिक एवं व्यावसायिक प्रतिष्ठानको अनुगमन गरेको छ। मन्त्रालय अन्तर्गतका श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र र श्रम तथा रोजगार कार्यालयले बिहीबार अनुगमन गरेको हो। मन्त्रालयले विज्ञप्ती प्रकाशन गरि २९ औद्योगिक एवम् व्यवसायिक प्रतिष्ठानको अनुगमन सम्पन्न गरिएको जानकारी दिएको छ।

मातहत कार्यालयबाट २२ वटा तथा विभागबाट गठन भएका ३ टोलीबाट ७ वटा ( विभागबाट सरकारी तथा निजी अस्पतालहरूलाई प्राथमिकतामा राखी अनुगमन गरिएको विज्ञप्तीमा उल्लेख छ। प्रतिष्ठानहरूमा श्रम ऐन तथा नियमावली र प्रचलित कानूनको पालना भए नभएको सम्बन्धमा अनुगमन गरिएको थियो। यसै क्रममा विशेषगरी नेपाल सरकारबाट तोकिएको न्यूनतम पारिश्रमिकको कार्यान्वयनको अवस्था, व्यवसायिक सुरक्षा तथा स्वास्थ्यको अवस्था, बाल श्रमको अवस्था, सामाजिक सुरक्षा कोषमा आवद्धताको अवस्था, नियमित श्रम अडिट भए, नभएको अवस्था लगायत निरीक्षण सम्पन्न गरिएको हो।

बिहीबार गरिएको अनुगमनका क्रममा केही प्रतिष्ठानमा न्यूनतम पारिश्रमिकको कार्यान्वयन नभएको, नियमित श्रम अडिट नभएको, सामाजिक सुरक्षा कोषमा सूचीकरण नभएको लगायत समस्या पहिचान भएको हुँदा त्यस्ता प्रतिष्ठानलाई श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ र प्रचलित कानूनको परिपालना गरी तत्काल सुधार गर्न निर्देशन समेत निर्देशन दिइएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मुख्यमन्त्रीहरूको गुनासोः कर्मचारी अभावदेखि असहयोगसम्म

काठमाडौँ, ३ वैशाख। प्रदेश सरकारका मुख्यमन्त्रीहरूले प्रधानमन्त्री वालेन्द्र शाहसमक्ष प्रदेश सरकारका प्रशासनिक, व्यावहारिक तथा नीतिगत जटिलताबारे गुनासो प्रस्तुत गर्नुभएको छ। प्रधानमन्त्री शाहसँग बिहीबार भएको छलफलमा उहाँहरूले समान किसिमका समस्या प्रस्तुत गर्नुभएको थियो। त्यस्ता समस्याहरूमा प्रदेशमा कर्मचारी अभाव, समन्वयको कमी र सङ्घीय कर्मचारीको असहयोगजस्ता गुनासा थिए। उहाँहरूले आवश्यक प्रशासनिक समूहका कर्मचारी नपाएको र पठाइएका कर्मचारीबाट अपेक्षित काम हुन नसकेको गुनासो प्रधानमन्त्रीसमक्ष गर्नुभयो।

मुख्यमन्त्रीहरूले प्रदेशमा जग्गाको स्वामित्वमा जटिलता, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई प्रदेशमार्फत व्यवस्थापन गर्न सुझाव दिनुभएको थियो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले स्थानीय कच्चा पदार्थमा आधारित मदिरा उत्पादन तथा 'ब्रान्डिङ'का लागि सङ्घसँग समन्वय गरेर कानुन निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले मनाङ, मुस्ताङ र गोरखाका जमिन नापी तथा स्वामित्वको समस्या, मुस्ताङलाई 'स्याउ जोन' घोषणा गरे पनि स्वामित्व समस्याका कारण उत्पादनमा बाधा, नवलपुरको दुम्कीबास–त्रिवेणी खण्डमा निकुञ्जका कारण सडक नखुल्दा स्थानीयले ४५ किलोमिटर घुम्नुपर्ने बाध्यताबारे प्रधानमन्त्री शाहलाई जानकारी गराउनुभयो।

फेवाताल संरक्षण, अलपत्र बूढीगण्डकी जलविद्युत् आयोजना, घरेलु मदिरा तथा गाँजा खेतीसम्बन्धी कानुन निर्माणको तयारीबारे पनि विषय उठान गर्नुभएको थियो। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले सङ्घीय मन्त्रालयका परिपत्रहरूले प्रदेशको संवैधानिक अधिकार कार्यान्वयनमा असर परेको गुनासो राख्नुभयो। उहाँले कर्मचारी अभाव र असहयोगका कारण बजेट कार्यान्वयनमा भएका ढिलाइ, अनुभवी प्रमुख सचिव आवश्यकता, जग्गा प्राप्ति, सार्वजनिक खरिद नियमावली संशोधन, वन ऐनका जटिलता तथा अनुदान र राजस्व बाँडफाँटमा पुनर्विचार गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराउनुभयो।

त्यसैगरी, २०८० सालको भूकम्प प्रभावित क्षेत्रमा निजी आवास निर्माण, सडक पूर्वाधार विस्तार, सुर्खेत विमानस्थल सञ्चालन तथा उत्तरी सीमामा क्वारेन्टाइन र सुरक्षा व्यवस्था गर्न उहाँले माग गर्नुभयो। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णकुमार यादवले कानुन, प्रशासन र अनुदानसम्बन्धी समस्या साझा रहेको बताउँदै अनुदान कटौती पुनःस्थापनाको माग राख्नुभयो। राजस्व बाँडफाँटमा भूगोल र जनसङ्ख्याको आधार न्यायोचित नभएकाले मधेसमा प्राकृतिक स्रोत अभावबारेको समस्या उठान गर्नुभयो। उहाँले मधेसलाई कृषि निर्भरता, सिँचाइ, मल र बीउको समस्या, 'फिड द नेसन' अवधारणा विकास गरी आर्थिक रूपमा सम्पन्न बनाउन सङ्घीय सरकारलाई सहयोगका लागि आग्रह गर्नुभयो। मुख्यमन्त्री यादवले जनकपुर–अयोध्या जोड्ने 'सीता सर्किट' तथा विमानस्थल विस्तारको प्रस्ताव पनि राख्नुभएको थियो।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले निजामती सेवा ऐन, प्रहरी समायोजन ऐन, वन तथा निकुञ्ज ऐन संशोधन आवश्यक रहेको बताउनुभयो। जङ्गली जनावर र मानव द्वन्द्व, कर्मचारी अभाव, प्रशासनिक जटिलता, सचिव पद रिक्तता, अर्थ मन्त्रालयको परिपत्रका कारण प्रदेश सांसद सहयोगीको तलब भुक्तानीमा ढिलाइजस्ता विषयमा ध्यानाकर्षण गराउनुभयो। सो छलफलमा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारी मुख्यमन्त्री, मन्त्रिपरिषद्को आकार घटाउने तथा शासन प्रणाली सुधारको प्रस्ताव राख्नुभयो। उहाँले मन्त्रालयमा सचिव अभाव, प्रदेश मुख्य सचिवको व्यवस्था, फर्पिङ–हेटौँडा सडक विस्तारमा समन्वय, योजनामा दोहोरोपन रोक्न 'डेस्क' स्थापना, उद्योगमैत्री नीति, हेटौँडा सिमेन्ट र कपडा उद्योग सञ्चालनमा सहजीकरण तथा उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्न माग गर्नुभयो।

मुख्यमन्त्रीहरूको गुनासो र सुझाव सुनेपछि प्रधानमन्त्री शाहले सङ्घीय सरकारको उद्देश्य सातै प्रदेशमा सहजीकरण गर्ने रहेको स्पष्ट पार्नुभयो। उहाँले सहजीकरणमा पूर्ण सहयोग रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। "पूर्वाधारको बजेट एक प्रदेशलाई मात्र प्राथमिकता दिएर अर्कोलाई पछाडि पार्ने गरी होइन, आवश्यकताअनुसार समान रूपमा वितरण गरिनेछ", प्रधानमन्त्री शाहले भन्नुभयो।

छलफलमा मुख्यमन्त्रीहरू बागमती प्रदेशका इन्द्रबहादुर बानियाँ, लुम्बिनीका चेतनारायण आचार्य, गण्डकीका सुरेन्द्रराज पाण्डे, कर्णालीका यामलाल कँडेल र मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थिति थियो। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की भने पारिवारिक कारण र सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह भने स्वास्थ्य समस्याका कारण सहभागी हुनुभएको थिएन।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)